# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०७८।०७९
चलानी नम्बर : १९८०

२०७८।११।११

विषयः मतदाता परिचयपत्र सम्बन्धमा ।

श्री वडा कार्यालयहरु ( सबै ),
मालारानी गाउँपालिका, अर्घाखाँची ।

प्रस्तुत विषयमा जिल्ला निर्वाचन कार्यलय सन्धिखर्कको च.नं. ५३, मिति २०७८।११।०६ को पत्रबाट मतदाता परिचय पत्र सम्बन्धमा निर्वाचन आयोगको निर्णय र सूचना संलग्न गरि पठाएको पत्र , च.नं.५६, मिति २०७८।११।११ को पत्रबाट मतदाता परिचयपत्र विभिन्न कारणले नष्ट भएको, हराएको मतदाताको पूनःमतदाता परिचय पत्र बनाउनु पर्ने भएमा वडा कार्यालयले निर्बाचन कार्यालयमा सिफारिस गर्दा निर्द्धिष्ट फर्मेट सिफारिस गर्ने व्यवस्था मिलाउने भन्ने व्यहोराको पत्र प्राप्त भएकोले, उक्त निर्वाचन आयोगको निर्णय र सूचना तथा निर्वाचन कार्यालयका पत्रहरुको प्रतिलिपि यसै पत्रसाथ संलग्न राखि पठाईएको छ । उक्त निर्णय,सूचना र पत्रहरुबाट जानकारी प्राप्त गरि निम्न अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

तपशिलः

१. निर्वाचन आयोगको सूचना वडा कार्यालयको सूचनापाटीमा टाँस र प्रचार प्रशारको कार्यगर्ने ।
२. सूचना बमोजिम मतदाता परिचयपत्रको लागि सिफारिस गर्दा निर्वाचन कार्यालेले तोकेको निर्दिष्ट फर्मेट बमोजिम सिफारिस गर्ने ।

रमेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत

रमेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
- जिल्ला निर्वाचन कार्यालय, अर्घाखाँचीः- जानकारीको लागि अनुरोध छ ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# जिल्ला निर्वाचन कार्यालय

अर्घाखाँची

फोन नं. ०७७-४२०१३९
E-mail: deo.arghakhanchi@election.gov.np

पत्र संख्याः ०७८/७९
चलानी नं. ५३

मितिः २०७८/११/०६

श्री सन्धिखर्क नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँची
श्री भुमिकास्थान नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँची
श्री शितगंगा नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँची
श्री पाणिनी गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँची
श्री मालारानी गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँची
श्री छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँची

विषयः मतदाता परिचयपत्र सम्बन्धमा ।

प्रस्तुत विषयमा निर्वाचन आयोगको च.नं. ११७ मिति २०७८/११/०५ गतेको प्राप्त पत्रानुसार मिति २०७८/११/०५ मा निर्वाचन आयोगबाट भएको निर्णय यसै पत्रासथ पठाइएको व्यहोरा अनुरोध छ ।

२०७८/११/०६

रवि अर्यालय
निमित्त जिल्ला निर्वाचन अधिकारी

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

(मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

प.सं. च.नं./Ref:
२०७८।०६९।११८

मिति : २०७८/११/०५

श्री प्रदेश निर्वाचन कार्यालय, सबै
श्री जिल्ला निर्वाचन कार्यालय, सबै ।

विषय : मतदाता परिचय पत्र सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा आयोगबाट मिति २०७८/११/०५ मा देहाय बमोजिम निर्णय भएको हुँदा कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

आयोगको निर्णय

"आयोगबाट यसपूर्व वितरण भएको मतदाता परिचय पत्र हराएको वा नष्ट भएको वा विभिन्न कारणले प्रयोग हुन नसक्ने अवस्थामा रहेका सरोकारवाला स्वयंले आफ्नो वडा कार्यालयको सिफारिस सहित मतदाता नामावली रहेको सम्बन्धित निर्वाचन कार्यालयमा मिति २०७८/११/२० भित्र निवेदन दिन सम्बन्धित निर्वाचन कार्यालय र आयोगको वेवसाइट मार्फत् संलग्न सूचना प्रकाशन गर्ने ।"

(युवराज गुरागाई)
शाखा अधिकृत

कार्यार्थ

श्री सूचना प्रविधि शाखा, निर्वाचन आयोग : संलग्न मतदाता परिचय पत्र सम्बन्धी निर्वाचन आयोगको सूचना वेवसाइटमा अपलोड गर्नुहुन ।

निर्वाचन आयोग
नेपाल
२०२३

<u>मतदाता परिचय पत्र सम्बन्धी निर्वाचन आयोगको सूचना</u>

आयोगले जारी गरेको मतदाता परिचय पत्र नष्ट भएको वा हराएको भएमा सरोकारवाला स्वयंले मिति २०७८/११/२० गतेसम्म सम्बन्धित वडा कार्यालयको सिफारिस सहित आफ्नो मतदाता नामावली रहेको जिल्लाको निर्वाचन कार्यालयमा मतदाता परिचय पत्रका लागि निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# जिल्ला निर्वाचन कार्यालय

अर्घाखाँची

फोन नं. ०७७-४२०१३९
E-mail: deo.arghakhanchi@election.gov.np

पत्र संख्या: ०७८/७९
चलानी नं. ५६

मिति: २०७८/११/११

श्री सन्धिखर्क नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँची
श्री भुमिकास्थान नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँची
श्री शितगंगा नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँची
श्री पाणिनी गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँची
श्री मालारानी गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँची
श्री छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँची

**विषय: मतदाता परिचयपत्र सम्बन्धमा ।**

मतदाता परिचयपत्र विभिन्न कारणले नष्ट भएको, हराएको मतदाताको पुनः मतदाता परिचय पत्र बनाउनु पर्ने भएमा सम्बन्धित वडा कार्यालयले सिफारिस गर्दा सम्बन्धित मतदाताको तपशिलको विवरण खुलाई सिफारिस गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ।

तपशिल:

| | | | |
|---|---|---|---|
| मतदाता परिचय पत्र नं. | | | |
| नाम थर | | | |
| जन्ममिति | | | |
| नागरिकता नं. | | | |
| बाबु/ आमाको नाम थर | | | |
| स्थायी ठेगाना | गा.पा. / न.पा. | वडा नं. | |
| मतदान स्थल | | | |

२०७८/११/११
रवि अर्याल
निमित्त जिल्ला निर्वाचन अधिकारी
नि. जिल्ला निर्वाचन अधिकारी

मालारानी गाउँपालिका
२१२४
२०७८/११/११